कर्णाली प्रदेशको पहिलो राष्ट्रिय दैनिक

# युगआह्वान

yugnews.com

निष्पक्षता, निर्भिकता, निरन्तरता...

Silver Jubilee YUGAAWHAN NATIONAL DAILY ESTD : 2057 25th RAJAT JAYANTI 2082

वर्ष: २६ | अंक: ४० | वि.सं. २०८३ जेठ ९ शनिवार | नेपाल संवत्: ११४५, ज्येष्ठ शुक्ल सप्तमी | Saturday 23 May 2026 | yugaawhan@gmail.com | पृष्ठ: ४ | मूल्य: ५ ।-

# कर्णालीको अर्थतन्त्र दुई खर्ब ७७ अर्ब पुग्ने प्रक्षेपण




> “अघिल्लो आर्थिक वर्ष २०८१/०८२ मा यस्तो वृद्धिदर ५.२५ प्रतिशत रहने संशोधित अनुमान गरिएको छ।

**◣ओम शाही**
**सुर्खेत, ८ जेठ ।**

राष्ट्रिय तथ्यांक कार्यालयले चालु आर्थिक वर्ष २०८२/०८३ मा कर्णाली प्रदेशको कुल अर्थतन्त्रको आकार दुई खर्ब पुग्ने प्रक्षेपण गरेको छ। यो अन्य प्रदेशको तुलनामा निकै आर्थिक वृद्धिदर हो। तथ्यांक अनुसार प्रदेशको कुल गार्हस्थ्य उत्पादन उपभोक्ताको मूल्यमा दुई खर्ब ७७ अर्ब हुने प्रारम्भिक अनुमान गरिएको छ। आर्थिक वर्ष २०८१/०८२ मा दुई खर्ब ६३ अर्ब रहने संशोधित अनुमान कार्यालयको थियो।

आर्थिक वर्ष २०८२/८३ मा राष्ट्रिय वार्षिक कुल गार्हस्थ्य उत्पादन उपभोक्ताको मूल्यमा ६६ खर्ब हुने अनुमान गरिएको छ। जसमा बागमती प्रदेशको २४ खर्ब २३ अर्ब (३६.७ प्रतिशत), कोशी प्रदेशको १० खर्ब ४३ अर्ब (१५.८ प्रतिशत), लुम्बिनी प्रदेशको नौ खर्ब ३७ अर्ब (१४.२ प्रतिशत), मधेश प्रदेशको आठ खर्ब ६३ अर्ब (१३.१ प्रतिशत), गण्डकी प्रदेशको पाँच खर्ब ९३ अर्ब (९.० प्रतिशत), सुदुरपश्चिम प्रदेशको चार खर्ब ६४ अर्ब (७.० प्रतिशत) र कर्णाली प्रदेशको दुई खर्ब ७७ अर्ब (४.२ प्रतिशत) रहने प्रारम्भिक अनुमान राष्ट्रिय तथ्यांक कार्यालयको छ। राष्ट्रिय तथ्यांक कार्यालय सुर्खेतले बुधबार सार्वजनिक गरेको प्रादेशिक लेखा अनुमान अनुसार चालु वर्षमा कर्णालीको आर्थिक वृद्धिदर उपभोक्ताको मूल्यमा २.९४ प्रतिशतले वृद्धि हुने प्रक्षेपण गरिएको छ।

यस्तै, आर्थिक वर्ष २०८२/०८३ मा कर्णाली प्रदेशले राष्ट्रिय कुल गार्हस्थ्य उत्पादनमा ४.२ प्रतिशत योगदान पुऱ्याउने प्रारम्भिक अनुमान गरिएको छ। यो अघिल्लो वर्षको तुलनामा घटेको तथ्यांक हो। आर्थिक वर्ष २०८१/०८२ मा कर्णालीले ४.३ प्रतिशत योगदान पुऱ्याउने संशोधित अनुमान थियो। यस्तै, आर्थिक वर्ष २०८२/०८३ मा कर्णालीको स्थिर मूल्यमा मापन गरिएको उपभोक्ता मूल्यको कुल गार्हस्थ्य उत्पादनको वृद्धिदर २.९४ प्रतिशत हुने प्रारम्भिक अनुमान छ। अघिल्लो आर्थिक वर्ष २०८१/०८२ मा यस्तो वृद्धिदर ५.२५ प्रतिशत रहने संशोधित अनुमान गरिएको छ।

त्यस्तै, आर्थिक वर्ष २०८२/०८३ मा प्राथमिक, द्वितीय तथा सेवा क्षेत्रको योगदान क्रमशः ३१.७ प्रतिशत, ९.९ प्रतिशत र ५८.४ प्रतिशत हुने प्रारम्भिक अनुमान गरिएको छ। समग्र औद्योगिक क्षेत्रलाई प्राथमिक क्षेत्र, द्वितीय क्षेत्र र सेवा क्षेत्र गरी प्रमुख तीन समूहमा विभाजन गरेरसमेत अध्ययन गर्ने गरिन्छ।

जसअनुसार, आर्थिक वर्ष २०८२/०८३ मा प्राथमिक, द्वितीय तथा सेवा क्षेत्रको वार्षिक वृद्धिदर क्रमशः ३.३ प्रतिशत, २.९ प्रतिशत र २.३ प्रतिशत हुने प्रारम्भिक अनुमान गरिएको तथ्यांक कार्यालय सुर्खेतका तथ्यांक समन्वय अधिकारी विनोद आचार्यले बताए।

उनकाअनुसार आर्थिक वर्ष २०८२/०८३ मा कर्णाली प्रदेशको कुल गार्हस्थ्य उत्पादनमा सबैभन्दा धेरै योगदान कृषि क्षेत्रको (३१.५२ प्रतिशत) रहने र सबैभन्दा न्यून योगदान खानी तथा उत्खनन् क्षेत्रको (०.१५ प्रतिशत) रहने प्रारम्भिक अनुमान गरिएको छ। आर्थिक वर्ष २०८१/०८२ मा पनि कृषि क्षेत्रको योगदान अग्रस्थानमा (३१.३ प्रतिशत) हुने र खानी तथा उत्खनन् क्षेत्रको योगदान अन्तिम स्थानमा (०.१६ प्रतिशत) रहने संशोधित अनुमान गरिएको थियो।

यस्तै, आर्थिक वर्ष २०८२/०८३ मा कर्णाली प्रदेशका औद्योगिक वर्गिकरण अनुसारका सबै आर्थिक क्रियाकलापहरूको कुल मुल्य अभिवृद्धिको वार्षिक वृद्धिदर धनात्मक रहने अनुमान गरिएको छ। कर्णाली प्रदेशमा औद्योगिक वर्गिकरण अनुसार आर्थिक वर्ष २०८२/०८३ मा कुल मूल्य अभिवृद्धि वार्षिक वृद्धिदर सबैभन्दा धेरै वित्तीय तथा बीमाको (६.५ प्रतिशत) र सबैभन्दा थोरै सार्वजनिक प्रशासन तथा रक्षाको (०.०५ प्रतिशत) हुने प्रारम्भिक अनुमान गरिएको छ।

त्यसैगरी, आर्थिक वर्ष २०८१/०८२ मा पनि कुल मूल्य अभिवृद्धि वार्षिक वृद्धिदर सबैभन्दा धेरै वित्तीय तथा बीमाको (८.४० प्रतिशत) र सबैभन्दा थोरै खानी तथा उत्खननको (१.२६ प्रतिशत) रहने संशोधित अनुमान राष्ट्रिय तथ्यांक कार्यालयको छ।

कार्यालयका अनुसार राष्ट्रिय स्तरमा धान उत्पादन घट्ने अनुमान गरिएको भएतापनि कर्णाली प्रदेशमा धानको उत्पादन बृद्धि हुने अनुमान गरिएकाले कर्णाली प्रदेशमा कृषि, वन तथा मत्स्य क्षेत्रको वृद्धिदर राष्ट्रिय औसतभन्दा बढी रहेको देखिन्छ। विद्युतको उपभोग (औद्यिगिक तथा घरायसी) मा भएको वृद्धिले गर्दा विद्युत तथा ग्याँसको बार्षिक वृद्धि हुने अनुमान गरिएको छ।

त्यस्तै, बैंक तथा वित्तिय संस्थामा निक्षेप संकलन तथा ऋण प्रवाहमा भएको वृद्धिले गर्दा बैंक तथा बीमामा वृद्धि हुने अनुमान गरिएको छ भने, यातायात क्षेत्रको विस्तारका कारण यातायात तथा भण्डारणमा वृद्धि हुने अनुमान तथ्यांक कार्यालयको छ। यस्तै, सरकारी खर्च न्यून रहनाले सार्वजनिक प्रशासन तथा रक्षामा न्युन वृद्धि हुने अनुमान गरिएको छ।

## प्रतिव्यक्ति आय ११ सय डलर पुग्ने अनुमान

तथ्यांक कार्यालयले आर्थिक वर्ष २०८२/०८३ मा नेपालको प्रतिव्यक्ति कुल गार्हस्थ्य उत्पादन १५ सय १३ अमेरिकी डलर हुने प्रारम्भिक अनुमान गरेको छ भने कर्णाली प्रदेशको ११ सय आठ अमेरिकी डलर हुने प्रारम्भिक अनुमान गरेको छ। यो अघिल्लो वर्षको तुलनामा घटेको तथ्यांक हो।

तथ्यांक अनुसार आर्थिक वर्ष २०८१/०८२ मा नेपालको प्रतिव्यक्ति कुल गार्हस्थ्य उत्पादन १५ सय १६ अमेरिकी डलर हुने संशोधित अनुमान गरिएको थियो। यस वर्ष कर्णाली प्रदेशको प्रतिव्यक्ति आय ११ सय २१ अमेरिकी डलर हुने प्रारम्भिक अनुमान गरिएको थियो। डलरको सटहीदरमा भएको उच्च वृद्धिले प्रतिव्यक्ति कुल गार्हस्थ्य उत्पादन राष्ट्रियस्तरमा आर्थिक वर्ष २०८१/०८२ मा भन्दा आर्थिक वर्ष २०८२/०८३ मा कम हुन गएको जनाइएको छ।

---

खुला सीमाको असर :

# बर्दियामा दुई भारतीयसहित ३३ जना लागुऔषध कारोबारी पक्राउ

**◣सरला सुवेदी**
**बर्दिया, ८ जेठ ।**



बर्दियामा लागुऔषध ओसार पसार र सेवनविरुद्ध प्रहरीले चलाएको विशेष अभियानका क्रममा वैशाख महिनाभरी दुई भारतीय नागरिकसहित ३३ जना पक्राउ परेका छन्। जिल्ला प्रहरी कार्यालय बर्दियाले लागुऔषध नियन्त्रणलाई लक्षित गर्दै विभिन्न स्थानमा सर्च अपरेसन सञ्चालन गरेपछि उनीहरू पक्राउ परेका हुन्।

प्रहरीका अनुसार पक्राउ परेकाहरूको साथबाट कुल ३०७ ग्राम २३० मिलिग्राम ब्राउन सुगर बरामद गरिएको छ। पक्राउ पर्नेमा सबैभन्दा बढी १७ जना बर्दियाकै रहेका छन्। त्यसैगरी बाँकेका नौ जना, मुगु र सुर्खेतका दुई-दुई जना, ललितपुरका एक जना तथा भारतका दुई जना रहेका छन्।

पक्राउ परेकामध्ये सबै पुरुष रहेका छन् भने दुई जना नाबालकसमेत छन्। उनीहरूको उमेर अधिकतम ४७ वर्षसम्म रहेको प्रहरीले जनाएको छ। अधिकांश व्यक्ति लागुऔषध सेवनसँगै ओसार पसारमा समेत संलग्न रहेको जिल्ला प्रहरी कार्यालय बर्दियाका निमित्त सूचना अधिकारी प्रहरी निरीक्षक प्रकाशसिंह कार्कीले बताए।

उहाँका अनुसार पक्राउ परेका सबैलाई लागुऔषध कारोबार नियन्त्रण ऐन अन्तर्गत अनुसन्धान गरी कानुनी कारबाही प्रक्रिया अगाडि बढाइएको छ। प्रहरीले वैशाख महिनामै सबैभन्दा ठूलो परिमाणमा २८० ग्राम ब्राउन सुगरसहित भारत उत्तरप्रदेश खिरी तिकुनियाका २६ वर्षीय विजय सिंह र ३५ वर्षीय तेजेन्द्र कुमारलाई पक्राउ गरेको थियो। प्रहरी निरीक्षक कार्कीका अनुसार यही परिमाण वैशाख महिनामा बरामद भएको सबैभन्दा ठूलो खेप हो।

बर्दियामा विशेषगरी भारतीय सीमावर्ती क्षेत्रबाट ब्राउन सुगर भित्रिने गरेको प्रहरीको निष्कर्ष छ। सीमापार भारतीय बजारहरूमा लागुऔषध खुलेआम बिक्री हुने गरेको स्थानीयवासीहरूको गुनासो छ। चालु आर्थिक वर्षको वैशाख मसान्तसम्म बर्दिया प्रहरीले लागुऔषध सम्बन्धी घटनामा २०४ जनालाई पक्राउ गरिसकेको छ। पक्राउ परेकाहरूको साथबाट ९१२ ग्राम ८९३ मिलिग्राम ब्राउन सुगर बरामद गरिएको निमित्त सूचना अधिकारी कार्कीले जानकारी दिए।

लागुऔषध नियन्त्रणका लागि प्रहरीले जिल्लाभर सचेतनामूलक कार्यक्रमसमेत सञ्चालन गरिरहेको जनाएको छ। तर, अपेक्षा गरिएअनुसार लागुऔषधसहित पक्राउ पर्नेहरूको संख्यामा कमी नआएको प्रहरीको भनाइ छ।

गुलरिया नगरपालिका-११ का जगदिश यादवका अनुसार खुला सीमाका कारण नेपाली युवाहरू भारतको लौकाही, बलैबजारलगायत सीमावर्ती बजारमा पुगेर लागुऔषध सेवन गरेर फर्किने क्रम बढ्दो छ। “सीमावर्ती बजारमा लागुऔषध सजिलै पाइने भएकाले युवाहरू त्यसतर्फ आकर्षित भइरहेका छन्,” उनले भने। केही समयअघि भारतबाट लागुऔषध सेवन गरेर फर्किएका एकै घरका दुई जनाको मृत्यु भएको घटनाले समेत यस समस्याको गम्भीरता उजागर गरेको स्थानीयवासी बताउँछन्।

**भूकम्पबाट जोगिन सचेत बनौं।**

- भूकम्प पूर्वसूचना बिना आउँछ, सावधानी अपनायौं भने ज्यान जोगाउन सकिन्छ।
- भूकम्पको बेला जोगिने उपायहरुको पूर्वअभ्यास गरौं।
- आफ्नो घरको संरचना ख्याल गर्दै भूकम्प प्रतिरोधी बनाऔं।
- परिवार र समुदायलाई भूकम्प सुरक्षाबारे जानकारी गराऔं।
- भूकम्प आउँदा सुरक्षित स्थानमा बसौं।

**आजको सतर्कता, भोलीको सुरक्षा, भूकम्पसुरक्षा अपनाऔं, जीवन बचाऔं।**

कर्णाली प्रदेश सरकार
मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
वीरेन्द्रनगर, सुर्खेत।

GANGAMALA TRAVELS & TOUR PVT. LTD
CAR WASH
Birendranagar-12, Surkhet
gttpvt@gmail.com
9851329169, 9858052810
● MINI BUS ● JEEP/CAR
● EV VAN ● SUMO JEEP

कथा :

# परिवर्तन



✍ भुवन घिमिरे

रात आफ्नो अन्तिम प्रहरमा यात्रारत रहँदा उज्यालो र अँध्यारोबिच सङ्घर्ष चलिरहेको थियो–एकअर्कालाई निषेध गर्दै, आफ्नो प्रभाव बिस्तारका खातिर। बेलाबेला सुनिने चराहरूको चिरबिरले एकातिर गुँडबाट निस्केर आहरा खोज्ने व्यग्रता दर्शाइरहेको थियो भने अर्कातिर उज्यालोको पर्खाइ अन्यत्र पनि भइरहेको सङ्केत गरिरहेको थियो। पारी कतै खोलाको सुस्केरा मन्द हुँदै जाँदा एक नौजवानको अनिदो रात करिब समाप्ति उन्मुख थियो।

एउटा लगभग निर्जन गाउँको सुनसान घरमा त्यो नौजवान अत्यन्तै ऐंठनपूर्ण रात काटिरहेको थियो। अनिश्चित भविष्य, एक्लोपनको सन्नाटा र भित्र कतै मनमा जमेको भयले उसलाई रातभर निदाउन अनुमति दिएको थिएन। झण्डै डेढ बित्ताको दूरीमा रहेको उसको आफ्नै कानले आफ्नै मुटु धड्किएको यति प्रष्टसँग शायद यसभन्दा अघि कहिल्यै सुनेका थिएनन्। घरी ऊ बिछ्यौनाबाटै टाउको उठाई "उज्यालो भयो कि ?" भनी खुला आँखीझ्यालतिर बाहिर नियाल्थ्यो, त घरी मैलो सिरकभित्र पुरै टाउको लुकाउँथ्यो।

नौजवानले आँखीझ्याल बाहिरको अँध्यारो र सिरकभित्रको अँध्यारोमा समान गुण पहिल्यायो। रातको निष्पट्ट अन्धकारलाई चिर्दै केहीबेरमा भोरले उज्यालोको स्वागत गर्ने त निश्चित थियो, तर निशासमान उसको जीवनमा कहिल्यै प्रवेश नगरेको उज्यालो अब आउला-नआउला–कुनै निश्चितता थिएन, छैन।

"रात पनि कहिले जाला ?"– आफैँसँग संवाद गर्दै नौजवानले यो रातको अन्तिम कोल्टे फेऱ्यो।

नाम–कृष्णबहादुर। उमेर–२० वर्ष। ठेगाना–नेपालको दुर्गम पहाडी भेग। शिक्षा–८ कक्षासम्म। स्मृतिमा समेत नआउने गरी आमाको पेटमै छँदा हराएका बाबु, दुई महिना अघि सामान्य स्वास्थ्य-चिकित्सा सेवाको अभावमा बितेकी आमा, थाहा पाएदेखि भोक-अभावको अनुभव र कहिल्यै नसकिएको दुःखको लामो शृङ्खला–नागरिकताले खुलाउने र नखुलाउने दुवै परिचय समष्टिमा यति हो जुँगाको रेखी राम्ररी बसिसकेको नौजवानको। आज ऊ सदाका लागि आफू जन्मिएको ठाउँ छोडी शहर प्रस्थान गर्दैछ। उसको मुटुको गति यही कारणले परिवर्तन भएको थियो।

"अब म पनि गाउँ छोड्छु।"– उसले पन्ध्र दिनजति अघि आठ दशक पार गरी एक्लै जीवन डोऱ्याइरहेका हजुरबा साइनो पर्ने गाउँका वृद्धलाई भनेको थियो।

"तँ पनि गइस् भने त अब यो गाउँमा को बाँकी रहला र अरू? मेरो लास उठाउने कोही नभएर अगति पो पर्छु कि के हो !"– हजुरबाले चिन्ता र निराशा मिश्रित भावमा भनेका थिए।

जीवनदेखि थकित र कान्तिविहीन ती हजुर बुबाको चेहरा सम्झँदै रातभरि कृष्णबहादुरका आँखा बन्द भएनन्। निदाउन नसकेपछि दुई घुँडामाथि हात बाँधी, त्यसमाथि चिउँडो राखी बस्यो।

सबैभन्दा पहिले उसको मानसपटलमा आइन्–आमा। यो धरतीमा उसले सबैभन्दा पहिले, सबैभन्दा राम्ररी र सबैभन्दा नजिकबाट चिनेको मान्छे। माया, ममता र भगवान्–यी सबै शब्दहरूको पर्याय नै आमा हुन् जस्तो उसलाई लाग्थ्यो। केही दिनअघि अन्तिम सास फेर्दै गर्दा पनि उनी उसैको चिन्तामा थिइन्। जीवनभर छातीमा दुःखको पहाड उठाएर पनि आफू मर्ने भएँ भन्ने दुःख उनमा पटक्कै थिएन। चिन्ता थियो त केवल छोराको।

"म नभए पनि नरुनू, नआत्तिनू। अब तँ गरिखाने भइसकिस्।" – आमा हौसला दिँदै भन्थिन्।

एकल र अबला महिला भएर पनि आफूलाई हुर्काउन आमाले गरेका दुःख र उनको मायालु अनुहार झलझली सम्झी उसका आँखा भक्कानिएर आए। भीरपाखा खोस्री, बाख्रा-कुखुरा पाली र ज्याला-मजदुरी गरी जोडेका तिलहरी, मुन्द्री, ढुङ्ग्री, फुली र औँठी गरी पुगनपुग दुई तोला सुन हातमा दिँदै आमाले भनेकी थिइन्–"जोगाएर राख्नू, दुःखमा काम लाग्छ।"

जीवनपर्यन्त र मृत्युपश्चात् पनि कुनै लोकबाट उसलाई आमाको अनुग्रह प्राप्त भइरहेझैँ भयो।

आमाले कृष्णबहादुरलाई बताएअनुसार उसका बुवालाई एक हुल मान्छेले, तिनकै शब्दमा "देश परिवर्तन गर्ने युद्ध" मा समाहित गराउन जबर्जस्ती लिएर गएका थिए, उतिबेला; जतिबेला ऊ सात महिनाको गर्भ थियो। गरीब र निमुखाका जीवनमा परिवर्तन ल्याउन सामन्ती र जहाँनियाको अन्त्य गर्न भनी हिँडेका बुवा कहाँ पुगे कुन्नि ! आफैं अन्त्य भए या कतै छन्–थाहा छैन। युद्धमा लिएर जानेहरू बरु भोट माग्न पटकपटक फर्किएर आए, तर बुवा आएनन्।

देशमा परिवर्तन भएको कुरा कृष्णबहादुरले धेरैपटक शिक्षक, रेडियो र नेताहरूका मुखारविन्दबाट सुन्यो। तर त्यो कस्तो परिवर्तन थियो खै कुन्नि, जसले उसको गाउँ र जीवनलाई कहिल्यै छोएन। "शहरमा पो कतै आफ्नो बुवाले पनि लडेर ल्याएको परिवर्तनको आभास पाउँछु कि !" भनेर उसले शहर जाने निधो गरेको थियो।

"झन् अहिलेको चुनावबाट त पुराना र बुढाहरूले खत्तम पारे, अब हामी रामराज्य बनाउँछौँ" भन्नेहरू सत्तामा पुगेका छन्। "केही राम्रो गर्लान् कि ! राम्रो गरे त आखिर जसले गरे पनि के थियो र–नयाँ होस् या पुरानो। तर सबै नयाँ चिज राम्रा नहुन पनि त सक्छन्।"– मनमनै सोच्यो।

जुरुक्क उठेर तखतामा राखिएको अम्खोराको एक घुट्को पानी खाई कृष्णबहादुर आसनमा अघिझैँ यन्त्रवत् बस्यो।

"मेरा बुवा पनि यस्तै थिए होलान्" भनी उसले प्रतिविम्बित गरेका एक चरित्र थिए–उसका काका। दाजुझैँ अनिच्छामा युद्धमा उतारिएका उनी युद्ध सकिएपछि भने–"अब हाम्रा पनि दिन खुल्छन्" भन्दै विजयभावमा गाउँ फर्किएका थिए रे। तर दुई वर्षअघि काकी र चार छोरीसहित गाउँ छोडी मधेस झर्न बाध्य भए।

काका बसाइँ जाँदा कान्छी छोरी सात महिनाकी हुँदी हो र जेठी सात वर्षकी। चार बहिनीहरूमध्ये माइली, जो उसकी सबैभन्दा प्रिय थिई, उसका आँखा ठूल्ठूला थिए। रोएकै बेलामा पनि कृष्णबहादुरलाई देखी भने रुन छोडेर हाँस्न थाल्थी। त्यस दिन पनि माइलीले उसलाई पर नपुगुन्जेल साबिकभन्दा अझ ठूला आँखाले हेरिरहेकी थिई। शायद त्यो अबोध पनि सोच्दै थिई–"यो जुनीमा अब भेट होला कि नाई ?"

पहिलोपल्ट त्यसदिन कृष्णबहादुरलाई घर र गाउँ नै शून्य लागेको थियो।

आमा भन्थिन्–"तेरा पनि त अहिले तीनवटा दिदीहरू हुन्थे नि, अकालमै नमरेका भए। बाउ र काकाबाउले कति गर्दा नि बचाउन सकेनन्। काकाले त झन् कहाँ टाढा गएर जडीबुटी पनि ल्याएका रे !"

ती काका किन त्यसरी बसाइँ नै गएका होलान् भनी त्यतिबेला बुझ्न नसकेको ऊ अहिले आफ्नै परिस्थितिबाट छर्लङ्ग भएको छ। शायद कति कुरा आफैंलाई नपरी नबुझिने रहेछ।

बहिनीहरू बोलेको, खेलेको, कराएको, चिच्याएको, रोएको, तिहारमा भाइटीका लगाएको–सबै दृश्यहरू सम्झँदै उसका आँखा एक निमेषलाई हाँसे। लगत्तै अहिले बिरान भएको काकाको निर्जीव घर उसको मानसपटलमा आयो। आँगन, पिँढी र मझेरी ढाकेका आफूभन्दा अग्ला घाँस सम्झियो। गाउँका बहुसंख्यक घरहरूको सोही गति सम्झियो र कल्पना गऱ्यो केही महिना वा वर्षपछिको आफ्नो घरको दुर्दशा। अघि एक निमेष हाँसेका उसका आँखा अब फेरि निराश भए।

औपचारिकताका लागि या आफ्नो थातथलोको जगेर्ना होओस् भन्ने आशातीत भावले हो, छुट्टिने बेला काकाले लाचार तर आदेशात्मक शैलीमा भनेका थिए–"घरबारी अब तेरो जिम्मा भो है, कृष्णे।"

उसले पनि मन्द र भावविहीन स्वरमा भनेको थियो–"हस्।"

"काकाले त उसलाई जिम्मा लगाए, उसले पो कसलाई जिम्मा लाउने ?"

"एकाघर परिवार सुखदुःख साट्दै एकै ठाउँ बस्न नसकिने, सामान्य ओखतीमुलोको अभावमा मर्नुपर्ने, एउटा देशको नागरिक देशभित्रै बेपत्ता हुने, शारीरिक परिश्रम गरी माटोबाटै जीवन चलाउँछु भन्दा पनि सम्भव नहुने–यो कस्तो व्यवस्था ? यो कस्तो नियति ? यो कस्तो, कसले र केका लागि ल्याएको परिवर्तन ? अनि धेरै पटक भएका परिवर्तन नयाँ बोतलका पुरानै रक्सीभन्दा कसरी भिन्न ?"– कृष्णबहादुरका मनमा लगातार प्रश्नहरूको वर्षा भइरहे।

झ्यालबाहिर अँध्यारोले अझै हार मानेको थिएन। कृष्णबहादुर आजसम्म भोगेको जीवनलाई टेलिचलचित्रको पूर्वदृश्यझैँ स्मरण गरिरहेको थियो।

आमाको स्नेहबाहेक उसको हृदयलाई पुलकित पार्ने अर्को चिज थियो–सरिताप्रतिको अनुराग। उसलाई यस्तो लाग्थ्यो, सरिताले आफ्नो नामको शाब्दिक अर्थ आफैं बोकेर हिँडेकी छे–चञ्चल, निश्चल अनि सौम्य।

सरिता ऊसँगै एउटै स्कुलमा चार कक्षासम्म पढेकी थिई। त्यसपछि छोरी हुनुका कारण नै अध्ययनलाई तिलाञ्जली दिएर घरायसी धन्दामा अभ्यस्त भई। बुवाआमा दुवैले परमधामको यात्रा तय गरेपछि उसका जेठा दाइ शहरबाट आई उसलाई लिएर गएका थिए। दाजु अलिक वर्षदेखि नै शहरमा बस्थे र मान्छे विदेश निर्यात गर्ने व्यवसायमा सहयोगीको काम गर्थे।

सरितालाई सम्झने बित्तिकै कृष्णबहादुरलाई आफ्नो धड्कनको गतिमा परिवर्तन आएको महसुस भयो। उसको गम्भीर मुहार र काला गहिरा आँखा मनमस्तिष्कमा विचरण गर्न थाले। सुनिरहुँझैँ लाग्ने उसको आवाज कानमा गुञ्जिन थाल्यो। अनि याद आए ऊ सम्मुख भएका पलहरू।

सरितालाई एक झलक हेर्नका लागि कृष्णबहादुर छोटो बाटो नहिँडी उसको घरअगाडिको लामो बाटो रोज्थ्यो। भेट वा देखादेख हुन सक्ने सम्भावित ठाउँहरूमा समय अगावै पुग्थ्यो। ऐना हेरीहेरी, कपाल कोरीकोरी "म पनि कम्तीको छैन" भन्ने भाव बुन्थ्यो। सरितासँग एक-दुई वाक्य विनिमय भएको दिन उसलाई निन्द्रै पर्दैनथ्यो।

गाउँभरिका वृद्धदेखि बनितासम्म उसलाई "कृष्णे, कृष्णे" भन्थे, तर सरिताले मायाले नै त होला, अरु कसैले नभन्ने लवजमा "कृष्ण" भन्दा उसका शरीरका सबै नसा एकसाथ तरङ्गित हुन्थे। कहिल्यै उसले "तिमीलाई प्रेम गर्छु" भनी जानकारी दिएन। एक-दुईपल्ट कोसिस नगरेको भने होइन। अप्रसारित र अव्यक्त प्रेमले दिएको रोमाञ्चले हो या अस्वीकृत हुने भयले हो, ऊ प्रेम-प्रस्ताव लिएर कहिल्यै प्रस्तुत हुन सकेन।

सरिता शहर गएपछि पनि दूरी बढ्दा आकर्षण घट्ने विज्ञानको नियम उसको प्रेममा लागू भएन। उल्टो, उसको माया झन् प्रगाढ हुँदै गयो। शहरमा सरिता छे भन्ने कुराले गाउँ, घर, पाखा, पखेरा सदाका लागि छोडी शहर हिँड्नै लाग्दा उसको मनमा उब्जिएका असीम पीडाभित्र पनि खुशीका धर्काहरू कोरेको थियो। अथवा भनौँ, शहर जाने निर्णयमा खुशी हुनुपर्ने एकमात्र कारण बनेकी थिई–सरिता।

गत साल सरितालाई लिन गाउँ आएका बखत मानव-निर्यातक दाइले उसलाई भनेका थिए–"बुझिस् कृष्णे, यहाँ बसेर अब केही काम छैन। राहदानी बनाउनू, एक-डेढ लाख जम्मा गर्नू अनि शहर आई मलाई यो ठेगानामा भेट्नू।" यसो भनी उसका हातमा एउटा पर्ची थमाएका थिए।

"मिहिनेत र खट्न सकेअनुसार जति पनि पैसा कमिने भएकाले दस वर्ष विदेशमा पसिना बगाइस् भने काठमाडौंमा घर बनाएर आनन्दको जिन्दगी बाँच्लास्।"– भन्दै लोभ्याएका थिए। "छिटो गरी आइहाल्नू है" भन्दै विदेश गई गाउँकै बले, कमले, हरी र पञ्चमान लगायतले गरेको प्रगतिको उदाहरण प्रस्तुत गर्न समेत भ्याएका थिए।

तर हरेक दिन औषतमा चारओटा बाकसमा लास बनेर फर्कने रामे, श्यामे, हर्के र धनेहरूका कुरा उनले गरेनन्।

सँगै रहेकी सरितालाई जाने बेला उसले अरूले नसुन्ने गरी सोधेको थियो–"अब कहिले आउँछ्यौ गाउँ ?"

अन्यमनस्क विद्यार्थी शिक्षकले तेर्स्याएको गाह्रो प्रश्नमा रनभुल्ल परेजस्तै गरी उसले यति मात्र भनी–"खोइ !"

"माया नमार है, म पर्खनेछु। म पनि शहर आउनेछु तिमीलाई भेट्न।" – एकसाथ कृष्णको मनमा धेरै वाक्य अन्तिम बनेर आए, तर जिब्रोसम्मको यात्रा तय गर्न सकेनन्। आँखाले धेरै कुरा बोलिरहे, तर सुन्नुपर्ने कानले सुने-सुनेनन् ? उसले मेसो पाएन।

लामो उफक्क गर्दै कृष्णबहादुर, बसेको ठाउँदेखि जुरुक्क उठ्यो। सलाइको सहायताले टुकी सल्कायो र हिजो राति नै झोलाको भित्री भागमा एकसरो लुगामुनि राखिएको नागरिकता र राहदानी निकाल्यो। त्यहाँ भएको आफ्नो फोटो, ठेगाना र मातृ-पितृ विवरणमा नजर डुलायो। फेरि झोलालाई जस्ताको तस्तै मिलाई उहीँ ठाउँमा राखेर टाउकै निकाली झ्यालबाट बाहिर हेऱ्यो। अँध्यारो अझै डेग नचली विराजमान थियो।

"आज किन उज्यालो हुँदैन ?"

सूर्यको पनि आयु हुन्छ भनी उहिले कहिले रेडियोमा सुनेको थियो। "कतै सूर्यको आयु आजै सकिएको त होइन ?"– उसको मनमा यस्तो सम्म संशय आयो।

"उज्यालो हुने बित्तिकै हिँड्नलाई तयार हुन्छु।"– भन्ने सोच्दै ऊ शौच गर्न भनी घरबाहिर निस्कियो। आँगनमै जोडिएको धारोमा एकसरो जीउ खलल्ल पखाल्यो। लुगा लगाई तयार भई, झोला लिई, त्यसपछि अगेनामा आगो फुकी कालो चिया पकायो र पियो। यति गरुन्जेल उसका मनमा कुनै भाव आएन, छाती भने झन् भारी भइरह्यो। अन्ततः बाहिर उज्यालोले आफ्नो पराक्रम देखाइसकेको थियो।

कृष्णबहादुरले चियादानी, चियाछान्नी र चिया पिएको गिलास धारामा पखाली पिँढीमा घोप्ट्यायो। ढोकालाई प्वालबाट हात छिराई बाहिरैबाट आग्लो लायो। ताल्चा मार्न उसले आवश्यक ठानेन, किनकि केही नभएर आफैंले छोडेको घरमा को पस्ने डर र ?

यति गरी आँगनमा आई चारैतिर एक दृष्टि लगाएर कृष्णबहादुर "परिवर्तन" को खोजीमा फटाफट शहर जाने बाटोतिर लम्कियो।



## विश्व

# गर्मीले भारतमा बिजुली खपतको कीर्तिमान

**नयाँदिल्ली, ८ जेठ।**
भारतमा बढ्दो गर्मीका कारण शीतलन उपकरणको प्रयोग तीव्र रूपमा बढेपछि देशको बिजुली मागले लगातार नयाँ कीर्तिमान बनाएको छ। भीषण गर्मीबीच ऊर्जा उत्पादकहरूले रेकर्ड स्तरमा विद्युत् उत्पादन गर्दै देशको अहिलेसम्मकै उच्च माग पूरा गरेका छन्।

भारतको ऊर्जा मन्त्रालयका अनुसार बिहीबार लगातार चौथो दिन देशको चरम बिजुली मागले नयाँ सर्वकालिक उच्च रेकर्ड कायम गरेको हो। मन्त्रालयले जारी गरेको विज्ञप्तिअनुसार बिहीबार दिउँसो ३:४५ बजे भारतको चरम बिजुली माग २७०.८२ गिगावाट पुगेको थियो, जुन सफलतापूर्वक आपूर्ति गरिएको बताइएको छ।

उक्त समयमा राजधानी नयाँदिल्लीको तापक्रम ४५.३ डिग्री सेल्सियस पुगेको थियो। मन्त्रालयले यो स्तरलाई भारतको इतिहासकै सबैभन्दा उच्च चरम बिजुली मागको रूपमा वर्णन गरेको छ। यसअघि बुधवार २६५.४४ गिगावाटको रेकर्ड कायम भएको थियो, जसलाई एक दिनमै उछिन्दै नयाँ कीर्तिमान बनेको हो।

ऊर्जा मन्त्रालयले बढ्दो तापक्रमका कारण एयर कन्डिसनर, कुलर तथा अन्य शीतलन उपकरणहरूको प्रयोग अत्यधिक बढेकाले बिजुलीको माग अस्वाभाविक रूपमा चुलिएको जनाएको छ। मन्त्रालयले सामाजिक सञ्जालमार्फत सार्वजनिक गरेको विवरणमा माग वृद्धिको मुख्य कारण यही भएको उल्लेख गरिएको छ।

## महत्वपूर्ण टेलिफोन नम्बर

| | |
|---|---|
| **एम्बुलेन्स** | |
| एम्बुलेन्स (नेपाल रेडक्रस) | : ०८३-५२०३१० |
| एम्बुलेन्स (वीरेन्द्रनगर सहकारी) | : ९८४८०२०८६७ |
| एम्बुलेन्स (भू.पू. सैनिक कल्याणकारी समिति) | : ९८२२४११५८६ |
| शव वाहन | : ०८३-५२४२३६/९८५८०४३६०० |
| जिल्ला प्रहरी कार्यालय | : १००, ०८३-५२०२२२ |
| जिल्ला ट्राफिक कार्यालय | : ०८३-५२५४९६ |
| विद्यूत फ्यूज सेवा | :०८३-५२०२६७/५२०२६५ |
| महिला तथा बाल हेल्पलाइन | : १०९८ |
| **विमान स्थल** | |
| सुर्खेत | : ०८३-५२१९४५/५२५२१९ |
| जुम्ला | : ०८७-५२०१९० |
| मुगु ताल्चा : | |
| हुम्ला | : ०८७-६८००८० |
| डोल्पा | : ०८७-५५१०१९ |
| चौरजहारी (पश्चिम रुकुम) | : ०८८-४०१०४८ |
| नेपालगन्ज | : ०८१-५६५२०५ |
| **दमकल** | |
| वीरेन्द्रनगर न.पा. : | : १०१ |
| भेरीगंगा न.पा. | : ०८३-५४०११०, ९८५८०५१०५७ |
| नारायण न.पा. | : ०८९-४१०२०१ |
| **अस्पताल** | |
| दैलेख जिल्ला अस्पताल | : ०८९-४१०११७ |
| प्रदेश अस्पताल सुर्खेत | : ०८३-५२३२०० |
| सुर्खेत हस्पिटल प्रा.लि. | : ०८३-५२५४१७ |
| माया नर्सिङ्ग होम प्रा.लि. | : ०८३-५२१४३०, ५२५४३० |
| एम्बुलेन्स (माया नर्सिङ्ग होम) | : ०८३-५२१४३० |
| एम्बुलेन्स (देउती नर्सिङ्ग होम) | : ०८३-५२०५२८ |
| एम्बुलेन्स (स्वास्थ्यकर्मी संघ) | : ९८४४८३५६६६ |
| एम्बुलेन्स (नेपाल अर्बुद रोग निवारण संस्था) | : ९८६८११६०५२ |
| जाजरकोट अपस्ताल | : ०८९-४३०१२० |

## आजको राशिफल

**मेष:** आश्वासन बाँड्नेहरूले झुक्याउन सक्छन्। बलजफ्ती गर्दा परिस्थिति बिग्रन सक्छ। शुभचिन्तकहरूको सुझाव नमान्दा दुःख पाइनेछ।

**वृष:** विभिन्न उपहार प्राप्त हुने समय छ। सहयोगीहरूले राम्रो साथ दिनेछन्। रोकिएका काम बन्नुका साथै नयाँ काम प्रारम्भ गर्ने समय छ।

**मिथुन:** व्यवहारले अरूलाई आकर्षण गर्ने बेला छ। मिहिनेत गर्दा राम्रो उपलब्धि प्राप्त हुनेछ। सभासमारोहमा सहभागी बन्ने अवसर जुट्न सक्छ।

**कर्कट:** पहिलेको सफलताले हौसला जगाउनेछ। बिछोडिएका परिवारजनसँग भेटघाट हुनेछ। रमाइलो जमघटका बीच स्वादिष्ट भोजनको आनन्द प्राप्त हुनेछ।

**सिंह:** अवसरको खोजीमा आफन्त र परिवारबाट टाढिनुपर्ने हुन सक्छ। छर-छिमेकमा असमझदारी बढ्ने सम्भावना छ।

**कन्या:** केही रकम हातलागी भए पनि आकस्मिक खर्चले धन संग्रहमा बाधा पुग्नेछ। आफ्ना सामानमा अरूले दाबी गर्लान्।

**तुला:** मिहिनेतले जिम्मेवारी दिलाउनेछ। राम्रो कर्मफलले मन प्रसन्न रहनेछ। मिहिनेत गर्दा जीवनशैलीमा परिवर्तन आउनेछ। प्रतीक्षित नतिजाले उत्साह जगाउनेछ।

**वृश्चिक:** समुदायको हितमा राम्रै काम गर्न सकिनेछ। सामाजिक उत्तरदायित्व वहन गर्दै फाइदा हुने काम र जिम्मेवारी हात पार्ने मौका छ।

**धनु:** स्वास्थ्य कमजोर रहनाले सोचेको उपलब्धि प्राप्त नहोला। काम बिग्रने भयले सताउन सक्छ। न्यून उपलब्धिमै चित्त बुझाउनुपर्ला।

**मकर:** प्रियजनसँगको भेटघाटले दिन रमाइलो बनाउनेछ। अतिथिको रूपमा सत्कार पाइनेछ। प्रेम र मित्रताको बन्धन पनि कसिलो हुनेछ।

**कुम्भ:** परिस्थितिसँग सम्झौता गर्नुपरे पनि लगनशीलताले लक्ष्यमा पुर्याउनेछ। रकम तथा भौतिक साधन जुट्नाले दिन उत्साहजनक रहनेछ।

**मीन:** श्रम परे पनि तारिफयोग्य काम गर्दै धेरैको उपकार गर्न सकिनेछ। बुद्धिको उपयोगले लक्ष्य प्राप्त हुनेछ। आम्दानीका स्रोत बढ्नेछन्।

# पश्चिम नेपालको यात्रा :

# प्रकृति, संस्कृति, इतिहाँस र अनुभूतिको संगम



देव बहादुर बुढा/छेडागाड

२०८३ जेठ १ गते बिहान कर्णाली प्रदेशको सुन्दर शहर वीरेन्द्रनगर बाट हाम्रो ११ जनाको पारिवारिक भ्रमण उत्साह, जाँगर र नयाँ अनुभवको खोजी सहित सुरु भयो। यो केवल घुमफिर मात्र थिएन, नेपालका पहाड, हिमाल, संस्कृति, इतिहास, भूगोल र सभ्यताको विविध आयामलाई नजिकबाट अनुभूत गर्ने अवसर पनि थियो। मध्यपहाडी लोकमार्ग हुँदै पश्चिम नेपालको अनेकौं भूभाग पार गर्दै हामी हिमालको काखदेखि तराईको समथरसम्म पुग्यौं। यात्राको प्रत्येक मोडमा प्रकृतिले नयाँ चित्र कोरिरहेको अनुभूति हुन्थ्यो।

## • रुकुमका पहाड र इतिहाँसको गन्ध

सुर्खेतबाट अगाडि बढ्दै यात्रा मध्यपहाडी लोकमार्गको रोमाञ्चक घुम्तीहरूसँगै रुकुम पश्चिम र रुकुम पूर्व तर्फ अघि बढ्यो। रुकुम क्षेत्र प्राकृतिक सुन्दरतासँगै नेपालको राजनीतिक र सामाजिक इतिहाससँग गहिरो रूपमा जोडिएको भूभाग हो। जनयुद्धको केन्द्र मानिएको यो भूभागले नेपाली समाज परिवर्तनका अनेक कथा बोकेको छ। उच्च पहाड, हरिया वन, परम्परागत बस्ती र मगर संस्कृतिको झल्कोले यात्रा झन् अर्थपूर्ण बनायो। बाटो भरि देखिने ग्रामीण जीवन, खेतबारी र पहाडी जनजीवनले नेपालको मौलिकता सम्झाइरह्यो। पूर्वी रुकूमको सदरमुकाम रुकूमकोट स्थित कमल दह अवलोकन गर्ने अवसर मिल्यो। यो दह प्राकृतिक सौन्दर्यले भरिपूर्ण दह रहेछ।करिब १६ सय वर्गमिटरमा फैलिएको उल्लेख छ। सडक पहुचँ,पर्यटन पर्वद्धन र संञ्चार माध्यम मार्फत अहिले यसको चर्चा देशभर फैलिइएको छ। विशेष गरी कमल फूलले ढकमक ढाकिएको दृश्य बाहिरिए पछि यसको चर्चा झन हुन थालेको स्थानीयको भनाई छ।

## • बुर्तिबाङ : व्यापार, पहाड र संस्कृतिको संगम

बुर्तिबाङ पुग्दा मध्यपहाडी क्षेत्रमा विकसित हुँदै गएको व्यापारिक केन्द्रको झल्को पाइन्थ्यो। पहाडबीचको व्यस्त बजार, यात्रुहरूको चहलपहल र स्थानीय उत्पादनको कारोबारले बुर्तिबाङलाई विशेष बनाएको छ। ढोरपाटन क्षेत्रको प्रवेशद्वारका रूपमा समेत परिचित यो क्षेत्र प्राकृतिक,सांस्कृतिक र पर्यटकीय दृष्टिले निकै महत्वपूर्ण मानिन्छ।

## • आस्था, इतिहास र प्रकृतिको संगम : बाग्लुङ कालिका

बाग्लुङ कालिका मन्दिर पुग्दा धार्मिक आस्था, इतिहास र प्रकृतिको अनुपम संगम अनुभूत भयो। घना वनको बीचमा अवस्थित यो शक्तिपीठ पश्चिम नेपालको अत्यन्त प्रसिद्ध धार्मिक केन्द्रका रूपमा परिचित छ। परम्परा अनुसार वि.सं. १५९१ तिर यहाँ नियमित पूजा-आराधना सुरु भएको मानिन्छ। इतिहास अनुसार तत्कालीन पर्वत राज्यका राजाले पाल्पाका राजाकी छोरीसँग विवाह गरेका थिए। राजकुमारी कालिका भगवती प्रति अत्यन्त श्रद्धावान थिइन्। विवाह पछि माइतीबाट फर्किने क्रममा उनले आफ्नो आराध्य देवी कालिकाको प्रतिमा पनि सँगै ल्याएकी थिइन्। यात्रा गर्दै हालको बाग्लुङ क्षेत्रमा पुगेपछि देवी राखिएको पालकी अचानक अगाडि बढ्न नसकेको किंवदन्ती पाइन्छ। धेरै प्रयास गर्दा पनि पालकी नउठेपछि "देवीले यही स्थान रोज्नुभएको" भन्ने धार्मिक विश्वास उत्पन्न भयो। त्यसपछि त्यही स्थानमा देवी स्थापना गरी पूजा-आराधना सुरु भएको मानिन्छ।

धार्मिक मान्यता अनुसार कालिका देवी शक्तिस्वरूपा दुर्गाको उग्र तथा शक्तिशाली रूप हुन्। अन्याय, अत्याचार र दुष्ट शक्तिको अन्त्य गर्ने देवीका रूपमा कालिकाको पूजा गरिन्छ। यही धार्मिक विश्वासका कारण बाग्लुङ कालिका आज पनि हजारौं भक्तजनको आस्थाको केन्द्र बनेको छ। करिब १८१ रोपनी क्षेत्रफलमा फैलिएको कालिका वन क्षेत्र हरियाली, धार्मिक शान्ति र प्राकृतिक सौन्दर्यले भरिएको छ। मन्दिर परिसरबाट देखिने पहाड, कालीगण्डकी आसपासको भू-दृश्य र शीतल वातावरणले यात्रुलाई आध्यात्मिक आनन्द प्रदान गर्छ। स्थानीय समुदायको संरक्षण र श्रद्धाले यस मन्दिरको महत्व अझ बढाएको छ।



## • म्याग्दीको तातोपानी : प्रकृतिको प्राकृतिक उपचार

तातोपानी पुग्दा यात्राको थकान नै हराएको अनुभूति भयो। हिमाली क्षेत्रको काखमा रहेको प्राकृतिक तातोपानी कुण्ड स्वास्थ्यका दृष्टिले समेत महत्वपूर्ण मानिन्छ। स्थानीय जनविश्वास अनुसार यस पानीले नुहाउदा शरीरका विभिन्न दुखाइ कम गर्न सहयोग गर्छ। हाम्रो टोली सहित सयौ पर्यटकले २ गते बिहान तातोपानीको कुण्डमा बसेर स्नान गर्ने अवसर प्राप्त गर्यौ। वरिपरिका पहाड, नदी र शान्त वातावरणले तातोपानी क्षेत्रलाई अझ आकर्षक बनाएको छ।

## • रुप्से झरना : प्रकृतिले कोरेको अद्भुत चित्र

मुस्ताङ जाने बाटोमा पर्ने रुप्से झरना नेपालको चर्चित झरना मध्ये एक हो। अग्लो भीरबाट तीव्र गतिमा खसिरहेको झरनाको दृश्यले स्वदेशी तथा विदेशी पर्यटकको मननै लोभ्याउने रहेछ। कालिगण्डकी करिडोरको यात्रामा यो झरना प्राकृतिक विश्रामस्थल जस्तै लाग्छ। झरनाको गर्जन, चिसो हावा र वरिपरिको भीरपाखाले प्रकृतिको विराट शक्ति झल्काउँछ। जसले हिमाल-पहाड-प्रकृति र सौन्दर्यको एकै फ्रेममा झल्कने जिवित दृश्य भएको अनुभूति हामीले गर्यौ।

## • लेते, जोमसोम र कागबेनी : हिमालको काखमा सभ्यता

मुस्ताङ प्रवेश गरेपछि वातावरण, भूगोल र संस्कृतिमा एकाएक परिवर्तन महसुस हुन्छ। लेते बाट सुरु भएको हिमाली सौन्दर्यले यात्रालाई अर्को स्तरमा पुर्‍यायो। जोमसोम हिमाली जीवनशैली, थकाली संस्कृतिको केन्द्र, रितिरिवाज र भुगोल पर्यटकको प्रमुख श्रोत हुन। यहाँको स्याउ, स्याउका परिकार र स्थानीय संस्कृतिले पर्यटकलाई विशेष स्थान दिन्छ। कागबेनी त झन् प्राचीन तिब्बती सभ्यताको जीवित संग्रहालय जस्तै लाग्छ। साँघुरा गल्ली, ढुंगाका घर, प्रार्थना चक्र र बौद्ध संस्कृति यहाँका प्रमुख आकर्षण हुन्। कालिगण्डकी नदीको किनारमा अवस्थित कागबेनी धार्मिक र सांस्कृतिक दृष्टिले निकै महत्वपूर्ण मानिन्छ।

## • सेताम्मे हिमाल : प्रकृतिको मौन महाकाव्य

यात्राभरि विभिन्न स्थानबाट देखिएका हिमश्रृंखलाले हाम्रो मन नै जित्यो। अन्नपूर्ण, धौलागिरि र नीलगिरि हिमश्रृंखलाको दृश्यले नेपालको हिमाली वैभव झल्काउँछ। बिहानको घाम पर्दा सुनौलो देखिने हिमाल र साँझपख राताम्मे हुने दृश्य प्रकृतिको अनुपम कला जस्तै लाग्थ्यो।

## • मार्फा जेरि गल्ली – स्वाद, संस्कृति अनुपम झल्को

मुस्ताङ यात्राको क्रममा मार्फा गाउँ भित्रको जेरि गल्ली पुग्दा एउटा छुट्टै संसारमा पुगेभैँ महसुस हुन्छ। ढुंगाले बनेका पुराना घरहरू, साँघुरा गल्लीहरू र चिसो हिमाली हावाबीच यहाँको वातावरण अत्यन्तै मनमोहक छ। यो थकाली समुदायको आतिथ्य, परम्परा र पहिचान र भेषभूषा झल्काउने जीवित संग्रहालय जस्तै हो। प्रत्येक घरहरुमा भाडामा राखिएका थकाली पहिरहन ताँहाको दिदीबहिनीले लगाइदिने र त्यो गल्ली क्षेत्र,गुम्बा क्षेत्रमा घुमाउने र आफ्नो भेषभूषा तथा पहिरहनको बारेमा पर्यटकलाई आकर्षित गर्दै आर्थिक आम्दानी गर्ने यस गाउँको प्रमुख श्रोत रहेछ। मार्फाको प्रसिद्ध स्याउबाट बनेका जुस, ब्रान्डी र सुकुटीले यात्रुलाई अझै लोभ्याउँछ। जोमसोम-मुक्तिनाथ यात्रामा आउने जो-कोहीका लागि यो गल्ली एक अविस्मरणीय घटना बन्छ। यहाँको हरेक स्वादमा मुस्ताङको माटो, संस्कृति र मायाको सुगन्ध पाइने अनुभूति भएको छ।

## • मुक्तिनाथ : आस्था, मोक्षको धरोहर

मुक्तिनाथ मन्दिर नेपालको हिमाली भूभागमा अवस्थित हिन्दु तथा बौद्ध धर्मावलम्बी दुवैका लागि अत्यन्त पवित्र तीर्थस्थल हो। समुद्री सतहदेखि करिब ३,८०० मिटर उचाइमा रहेको मुक्तिनाथ हिमाल, अध्यात्म, आस्था र प्रकृतिको अद्भुत संगमका रूपमा परिचित छ। हिमालको काखमा रहेको यो धाम पुग्दा केवल धार्मिक अनुभूति मात्र होइन, आत्मिक शान्तिको गहिरो अनुभूति पनि प्राप्त हुन्छ। "मुक्तिनाथ" शब्दको अर्थ नै "मोक्ष प्राप्तिको स्थान" भन्ने बुझिन्छ। हिन्दु धर्मग्रन्थ अनुसार भगवान विष्णुले यहाँ मुक्ति प्रदान गर्ने भएकाले यस स्थानलाई मुक्तिक्षेत्र मानिएको हो। हिन्दु धर्मावलम्बीहरूले यसलाई भगवान विष्णुको स्वरूप "श्री मुक्तिनारायण" को धामका रूपमा पूजा गर्छन् भने बौद्ध धर्मावलम्बीहरूले यसलाई "चुमिग ग्यात्सा" अर्थात् "एक सय आठ धारा भएको पवित्र स्थान" का रूपमा मान्ने गर्छन्।

मुक्तिनाथको इतिहास निकै प्राचीन मानिन्छ। विभिन्न पुराण तथा धार्मिक ग्रन्थमा मुक्तिनाथ क्षेत्र उल्लेख भएको पाइन्छ। विशेषगरी स्कन्दपुराण र विष्णुपुराणमा मुक्तिक्षेत्रको महिमा वर्णन गरिएको छ। इतिहासकारहरूका अनुसार प्राचीन कालदेखि नै भारत, तिब्बत र नेपालका साधुसन्त तथा तीर्थयात्रीहरू यहाँ आउने परम्परा रहेको थियो। तिब्बतसँगको पुरानो व्यापारिक मार्गमा पर्ने भएकाले यो क्षेत्र सांस्कृतिक आदानप्रदानको केन्द्रका रूपमा पनि विकसित भएको मानिन्छ। मन्दिर क्षेत्रमा नियमित पूजा-आराधना कहिलेदेखि सुरु भयो भन्ने ठ्याक्कै लिखित मिति नभेटिए पनि शताब्दीयौँ देखि यहाँ धार्मिक गतिविधि सञ्चालन हुँदै आएको विश्वास गरिन्छ। विशेष गरी मध्यकालीन नेपालमा यस धामको महत्व अझ बढेको पाइन्छ। यहाँ हिन्दु र बौद्ध दुवै परम्पराका साधु तथा भिक्षुहरूको सहभागिता रहँदै आएको छ, जसले धार्मिक सहिष्णुता र सांस्कृतिक एकताको अनुपम उदाहरण प्रस्तुत गर्छ। मुक्तिनाथको मुख्य आकर्षण मध्ये १०८ धारा अत्यन्त प्रसिद्ध छन्। गौमुख आकारमा बनाइएका यी धाराबाट बग्ने हिमाली चिसो पानी पवित्र मानिन्छ। धार्मिक विश्वास अनुसार यहाँ स्नान गरे पाप नाश हुने र मोक्ष प्राप्त हुने जनविश्वास रहेको छ।

मुस्ताङको शुष्क हिमाली भू-दृश्य, वरिपरि देखिने नीलगिरि र धौलागिरी, अन्नपूर्ण हिमश्रृखंला, बौद्ध गुम्बा, प्रार्थना चक्र र हिमाली संस्कृति मुक्तिनाथ क्षेत्रका थप आकर्षण हुन्। यहाँ पुग्दा प्रकृति, धर्म र अध्यात्म एकै ठाउँमा भेटिएको अनुभूति हुन्छ। यसकारण हाम्रो पारिवारिक भ्रमणमा मुक्तिनाथ केवल एउटा गन्तव्य भएन, त्यो हिमालको काखमा आत्मिक शान्ति, धार्मिक श्रद्धा र नेपाली हिमाली सभ्यताको अनुभूति गर्ने अविस्मरणीय अध्याय बनेर रह्यो।

## • कुश्मा : साहसिक पर्यटनको नयाँ पहिचान

हिमाली शान्ति पछि यात्रा साहसिक रोमाञ्चतर्फ मोडियो। कुश्मा आज नेपालको एड्भेन्चर पर्यटनको प्रमुख केन्द्र बनिरहेको छ। विश्वकै अग्लामध्ये मानिने बन्जी, अग्ला झोलुङ्गे पुल र क्लाइम्बिङ गतिविधिले यात्रामा रोमाञ्च थप्यो।भ्रमणका क्रममा साहसिक गतिविधिले यात्रालाई अझ रोमाञ्चक बनाइरहेका थिए। सोही क्रममा टोलीका कान्छा सदस्य, १२ वर्षीय सन्तोष वि.सी. ले अनुभव नगरेको बन्जी जम्पतर्फ आकर्षित हुँदै खेल्ने साहस देखाइरहेका थिए। उमेरअनुसार जोखिमको पक्षलाई ध्यान दिँदै संञ्चालक तथा हाम्रो टोलीले उनलाई सुरक्षित र उपयुक्त साहसिक गतिविधिका रूपमा माउन्टेन क्लाइबिङ गर्न सुझाव दियौ। सल्लाहलाई सकारात्मक रूपमा ग्रहण गर्दै सन्तोषले पनि उत्साहका साथ सहभागिता जनाए। भ्रमण टोलीका सन्तोष, अनिल, तिलक र लोकेन्द्रले माउन्टेन क्लाइबिङ गर्दै साहस, आत्मविश्वास र मनोरञ्जनको अद्भुत अनुभूति हासिल गरे। यात्रा अघि बढ्दै गर्दा उनीहरूको अनुहारमा देखिएको उत्साह र सफलतापछि व्यक्त भएको खुसीले सम्पूर्ण भ्रमण टोलीलाई थप ऊर्जावान बनाएको थियो। पहाड र खोँच माथि बनेका पुलहरूले नेपालको भौगोलिक चुनौती माथिको मानव साहस देखाउँछन्।

## • फेवाताल: पोखराको पहिचान र रोमाञ्चको संगम

फेवाताल नेपालको सबैभन्दा प्रसिद्ध तथा अन्तराष्ट्रिय स्तरमै परिचित पर्यटकीय गन्तव्य हो।यसलाई पहिले स्थानीय रुपमा बैदाम ताल भनेर चिनिन्थो। फेवा नामको उत्पति स्पष्ट रुपमा एकीकृत ऐतिहाँसिक दस्तावेजमा नदेखिए पनि कतै स्थानीय मगर- गुरुङ भाषिकको प्रभावसंग जोडेर ब्याख्या गरिन्छ। जसको अर्थ ठूलो जलाशय तथा जलक्षेत्र भन्ने बुझिन्छ भने कतै कतै फेवा नाम गरेको गाउँ थियो र त्यसैको नामबाट फेवा नाम रहेको भन्ने स्थानीयको भनाई छ। यो हजारौ बर्ष अगाडी पोखराको भुगर्भिय संरचना र हिमाली जलप्रणालीको प्रभावले प्राकृतिक रुपमा बनेको मानिन्छ। ताल बराही मन्दिर फेवातालको बीचमा अवस्थित अत्यन्त महत्वपूर्ण धार्मिक शक्तिपीठ हो। हिन्दु धार्मिक मान्यता अनुसार देवी बराहीलाई शक्ति स्वरूपा मानिन्छ। यहाँ पूजा-आराधना गर्नाले मनोकामना पूरा हुने विश्वास रहि आएको छ। डुंगाबाट मात्र पुग्न सकिने यस मन्दिरमा यात्रा गर्नु आफैंमा आध्यात्मिक शान्ति र रोमाञ्च दुवैको सुन्दर अनुभव रहेछ।

फेवातालको कायाकिङ हाम्रो यात्राको सबैभन्दा रोमाञ्चक गतिविधि बन्यो। शान्त पानी माथि सन्तुलन कायम गर्दै सानो डुंगा चलाउनु आफैंमा साहस, ध्यान र कौशलको मिश्रण थियो। हिमालको प्रतिबिम्ब र तालको शान्त वातावरणबीच गरिएको कायाकिङले यात्रालाई अविस्मरणीय बनायो। सबैभन्दा रोचक कुरा त हाम्रो टोलीका १२ वर्षिय कान्छो सदस्य सन्तोष वि.सी. ले कायाकिङमा देखाएको आत्मविश्वास र निडरता सबैका लागि विशेष आकर्षण बन्यो। उनले कुनै डर बिना डुंगा नियन्त्रण गर्दै तालमा रमाएको दृश्यले त्यहाँ उपस्थित स्वदेशी तथा विदेशी पर्यटकहरूलाई समेत चकित बनायो। उनको यो कौशल देखेर धेरैले प्रशंशा गरेका थिए। विदेशी पर्यटकहरुले फोटो र भिडियो खिचिरहेको दृश्य देख्न सकिन्थ्यो। यसबाट उमेरले होइन साहस आत्मविश्वासले मान्छेलाई सक्षम बनाउछ भन्ने स्पष्ट सन्देश अनुभूति भयो।

त्यसैले फेवाताल पानीको ताल मात्रै होइन यो पोखराको आत्मा हो।हिमालको प्रतिविम्व, धार्मिक आस्था,साहसिक खेलकूद र पारिवारिक रमाइलो सबै एउटै यो स्थल हाम्रो यात्राको सुन्दर अध्याय बनेको छ।

## • स्याङ्जा र पाल्पा : पहाडी सभ्यता र इतिहास

स्याङ्जा नेपालको पहाडी सभ्यता, शिक्षा र संस्कृतिको महत्वपूर्ण जिल्ला हो। यहाँका पहाड, गुरुङ-ब्राह्मण-मगर समुदायको सहअस्तित्व र ग्रामीण जीवन निकै आकर्षक लाग्छ। पाल्पा ऐतिहासिक रूपमा तत्कालीन सेन राज्यको केन्द्र मानिन्छ। तानसेन दरबार, ढाका उद्योग र पुराना बस्तीहरूले पाल्पाको गौरवशाली इतिहास झल्काउँछन्।

## • रुपन्देही : बुद्ध जन्मभूमिको सभ्यता

रुपन्देही नेपालको धार्मिक र आर्थिक दृष्टिले अत्यन्त महत्वपूर्ण जिल्ला हो। यही भूमिमा अवस्थित लुम्बिनी भगवान गौतम बुद्धको जन्मस्थलका रूपमा विश्वभर परिचित छ। तराईको समथर भूभाग, कृषि उत्पादन र व्यापारिक गतिविधिले यस क्षेत्रलाई समृद्ध बनाएको छ।

## • दाङ उपत्यका : नेपालको विशाल भित्री मधेस

दाङ नेपालको ऐतिहासिक भित्री मधेस क्षेत्रमध्ये एक हो। चुरे र महाभारत पर्वतको बीचमा फैलिएको दाङ उपत्यका प्राकृतिक, कृषि तथा सांस्कृतिक विविधताले भरिएको छ। थारु समुदायको संस्कृति, विशाल फाँट र विकसित हुँदै गएको शहरीकरणले दाङलाई विशेष बनाएको छ।

## • निष्कर्ष :

यात्रा केवल दूरी होइन, अनुभूति पनि हो। यो यात्रा केवल सुर्खेतदेखि मुस्ताङ हुँदै पोखरा र तराईसम्मको भौगोलिक यात्रा थिएन। यो नेपालको विविधता, इतिहास, संस्कृति, धर्म, प्रकृति र सभ्यतालाई नजिकबाट बुझ्ने अवसर थियो। हिमालको चिसोपन, पहाडको आत्मीयता र तराईको विशालता सबैले जीवनलाई नयाँ अनुभूति दियो। परिवारसँग बिताएका ती क्षण, बाटाका हाँसो, थकान, रमाइलो र अविस्मरणीय दृश्यहरूले यो भ्रमणलाई जीवनभर सम्झिरहने सुन्दर अध्याय बनेको महसुस गरेको छु। धन्यवाद।

# कञ्चनपुरमा सेवाग्राहीको घरमै राहदानी पुऱ्याइँदै

युग संवाददाता
**महेन्द्रनगर, ८ जेठ ।**

कञ्चनपुरमा सेवाग्राहीको घर ठेगानामै राहदानी पुऱ्याउन थालिएको छ। सरकारको स्वीकृत १०० कार्यसूचीअन्तर्गत को बुँदा नं २७ मा उल्लेखित सरकारी सेवा घरमै उपलब्ध गराउने नीतिअनुसार यो सेवा कार्यान्वयनमा ल्याइएको जिल्ला हुलाक कार्यालय कञ्चनपुरले जनाएको छ।

घर ठेगानामै राहदानी पुऱ्याउने उद्देश्यले जिल्ला प्रशासन कार्यालय र हुलाक कार्यालयबीच गत वैशाख महिनामा सम्झौता भएको थियो।




हुलाक कार्यालय कञ्चनपुरका प्रमुख सरोज पाण्डेयले बिहीबारदेखि सेवाग्राहीको घर आँगनमै राहदानी पुऱ्याउन थालिएको जानकारी दिनुभयो।

"पहिलो दिन हामीले प्रशासनबाट प्राप्त गरेका १४ वटामध्ये १३ वटा राहदानी सेवाग्राहीको घरमै पुऱ्यायौं।" प्रमुख पाण्डेयले भने, "हामी प्रशासनबाट प्राप्त गरेको दोस्रो दिन नै यहाँका सबै पालिकामा घरमै पुगेर वितरण गर्न सक्छौं।" बिहीबार मात्रै पुर्नवास नगरपालिकामा सात, बेलौरीमा एक, दोधारा चाँदनीमा तीन, कृष्णपुर र शुक्लाफाँटा नगरपालिकामा एक/एक राहदानी हुलाक कर्मचारीले सेवाग्राहीको घरमै पुऱ्याएका छन्।

जिल्ला हुलाक कार्यालयले हुलाक सेवालाई आधुनिकीकरण गरी 'सरकारी कुरियर सेवा' सञ्चालन गरिरहेका बेला प्रशासन कार्यालयसितको सम्झौतामा आगामी दिनमा घरदैलोमै राहदानी चाहने सेवाग्राहीका लागि सहजता मिलेको छ। "प्रशासनमा राहदानी फारमसँगै घरमै राहदानी चाहने सेवाग्राहीले ठेगानासहितको छुट्टै फारम पनि भर्नुपर्ने हुन्छ।" पाण्डेयले भने, "सबै पालिकामा हुलाका सेवा हुँदा राहदानी पुऱ्याउन छरितो पनि भयो।"

## उद्योग खारेजीको सूचना

उद्योग तथा उपभोक्ता हित संरक्षण कार्यालय, जाजरकोट (साविक घरेलु तथा साना उद्योग विकास समितिको कार्यालय) मा म श्री दिपक कुमार बुढा क्षेत्री धनी रहेको, दर्ता नम्बर ५४४/०७१/०७२ बाट भेरी न.पा.-३, जाजरकोटमा सञ्चालन हुने गरी दर्ता श्रेष्ता कायम रहेको श्री सिद्धि विनायक अफसेट प्रेस नामको प्राइभेट/साझेदारी उद्योग मेरो/हाम्रो घरायसी आर्थिक कारणले खारेजी गर्नुपर्ने भएको हुँदा सम्बन्धित सबैको जानकारीका लागि यो ३५ (पैतिस) दिने सूचना प्रकाशन गरिएको छ। यस उद्योगसँग कोही कसैको कुनै प्रकारको दायित्व बाँकी रहेको भए सूचनाको म्यादभित्र सोको प्रमाण सहित उद्योग तथा उपभोक्ता हित संरक्षण कार्यालय, जाजरकोट समक्ष लिखित रुपमा दाबी पेश गर्नुहुन कर्णाली प्रदेश औद्योगिक व्यवसाय नियमावली, २०७९ को नियम १२ को उपनियम (२) बमोजिम जानकारी गराइन्छ।

## उद्योग खारेजीको सूचना

उद्योग तथा उपभोक्ता हित संरक्षण निर्देशनालय, सुर्खेत (साविक घरेलु तथा साना उद्योग विकास समितिको कार्यालय) मा म श्री गोविन्द वि.सी धनी रहेको, दर्ता नम्बर १७५७/०७७/०७८ बाट भेरीगंगा न.पा-१, सुर्खेतमा सञ्चालन हुने गरी दर्ता श्रेष्ता कायम रहेको श्री गोविन्द कृषि तथा पशुपंक्षी फर्म नामको प्राइभेट/साझेदारी उद्योग मेरो/हाम्रो घरायसी आर्थिक कारणले खारेजी गर्नुपर्ने भएको हुँदा सम्बन्धित सबैको जानकारीका लागि यो ३५ (पैतिस) दिने सूचना प्रकाशन गरिएको छ। यस उद्योगसँग कोही कसैको कुनै प्रकारको दायित्व बाँकी रहेको भए सूचनाको म्यादभित्र सोको प्रमाण सहित उद्योग तथा उपभोक्ता हित संरक्षण निर्देशनालय, सुर्खेत समक्ष लिखित रुपमा दाबी पेश गर्नुहुन कर्णाली प्रदेश औद्योगिक व्यवसाय नियमावली, २०७९ को नियम १२ को उपनियम (२) बमोजिम जानकारी गराइन्छ।

जि.प.का.सु.द.नं. ११/२०५७/०५८
हु.नि.द.नं. ०१/२०८०/०८१
युगआह्वान
राष्ट्रिय दैनिक

# कर्णालीलाई पर्यटन गन्तव्य बनाउन सरकार प्रतिबद्ध छ : मन्त्री अधिकारी

**युग संवाददाता**
**सुर्खेत, ८ जेठ ।**

कर्णाली प्रदेश सरकारका उद्योग, वन तथा वातावरण मन्त्री सुरेश अधिकारीले कर्णाली प्रदेश सरकारले पर्यटन क्षेत्रको विकासलाई प्राथमिकतामा राखेर अघि बढिरहेको बताएका छन् । शुक्रबारबाट जारी कर्णाली पर्यटन महोत्सवको उद्घाटन सत्रमा बोल्दै मन्त्री अधिकारीले आगामी बजेटमार्फत पनि पर्यटन प्रवर्द्धनका कार्यक्रमलाई थप सशक्त बनाइने दावी गरे ।

उनले कर्णालीलाई पर्यटन क्षेत्रमार्फत समृद्ध बनाउने सरकारको स्पष्ट योजना रहेको उल्लेख गरे । उनले गैरआवासीय नेपाली संघका प्रतिनिधिको उपस्थितिलाई महत्वपूर्ण अवसरको रूपमा व्याख्या गर्दै विश्वभर रहेका नेपालीहरूलाई आफ्नो ज्ञान, सीप, प्रविधि, अनुभव र आर्थिक स्रोत कर्णालीको विकाससँग जोड्न आग्रह गरे । 'गैरआवासीय नेपालीहरूले कर्णाली प्रदेशको विकासमा महत्वपूर्ण भूमिका खेल्न सक्नुहुन्छ,' उनले भने ।



मन्त्री अधिकारीले कर्णाली नेपालको मौलिक सभ्यता, संस्कृति, प्रकृति र इतिहासको जीवित संग्रहालय भएको बताए । रारा ताल, शे-फोक्सुण्डो, सिंजा उपत्यका, उच्च डोल्पा, कर्णाली नदी, हिमाली पदमार्ग तथा धार्मिक एवं सांस्कृतिक सम्पदाले कर्णालीलाई विश्वकै आकर्षक पर्यटन गन्तव्य बन्ने असाधारण सम्भावना दिएको उनको भनाइ थियो । उनले नेपाली भाषाको उद्गमस्थलका रूपमा चिनिने सिजा क्षेत्र नेपालको राष्ट्रिय पहिचानसँग जोडिएको उल्लेख गर्दै शे-फोक्सुण्डो र उच्च डोल्पाको प्राकृतिक सौन्दर्यले विश्व पर्यटन बजारमा नेपाललाई अलग पहिचान दिलाउन सक्ने बताए ।

साथै, हुम्लाको सिमकोट क्षेत्र कैलाश मानसरोवर यात्राको महत्वपूर्ण प्रवेशद्वार भएको उल्लेख गर्दै कर्णाली पर्यटनसँगै संस्कृति, इतिहास र आध्यात्मिकताको केन्द्रका रूपमा विकास भइरहेको धारणा राखे । कार्यक्रममा भारतबाट पहिलो पटक कर्णाली प्रदेशको राजधानी वीरेन्द्रनगर आएका पत्रकार तथा पर्यटन व्यवसायीहरूलाई स्वागत गर्दै उनले कर्णालीको पर्यटन सम्भावना भारतमा समेत प्रचारप्रसार गरिदिन आग्रह गरे । 'यहाँको बसाइ सहज र स्मरणीय होस्, फर्किएपछि 'कर्णाली राम्रो छ, जानुपर्छ' भनेर प्रचार गरिदिनुहुनेछ भन्ने विश्वास लिएको छु,' उनले भने । उनले नेपाल-भारत सम्बन्धलाई पर्यटनमार्फत अझ प्रगाढ र मित्रवत बनाउन यस्ता कार्यक्रमले सहयोग पुग्ने विश्वास व्यक्त गरे ।

## ऋण चुक्ता गर्ने सम्बन्धी ३५ दिने अत्यन्त जरुरी सूचना

**सूचना प्रकाशित मिति : २०८३/०२/०८ गते शुक्रबार**

उपरोक्त विषयमा यस साझा बचत तथा ऋण सहकारी संस्था लि. वाट विभिन्न मिति, समय र शिर्षकमा लगानी गरिएको कर्जा लिखित शर्तनामामा तोकिएको समयावधि समाप्त भए पनि कर्जा चुक्ता गर्न आनाकानी गर्ने, सम्पर्कविहीन हुने अवस्था रहेको र विभिन्न समयमा पटक-पटक ऋण चुक्ताको लागि मौखिक, लिखित, फोन सम्पर्क गरी अनुरोध गरिएतापनि हालसम्म कर्जा चुक्ता गर्न नआएकोले ३५ दिनभित्र आफ्नो सांवा, व्याज र ऋण सम्बन्धि अन्य दायित्व वापतको तिर्न बुझाउन पर्ने रकम चुक्ता गर्नुहुन सम्बधित सबै कर्जा धनीहरुलाई सुचना प्रकाशित गरिएको छ । अतः यो सुचना प्रकाशित भएको मितिले ३५ (पैतिस) दिनभित्र यस संस्थालाई बुझाउन बांकी रहेको सम्पूर्ण सांवा, व्याज र हर्जना लगायतका रकम यकमुष्ट चुक्ता गर्न गराउनको लागि सम्बन्धित ऋणी , धितोवाला, जमानीकर्ता एवम सम्बद्ध सबैलाई यसै सुचनाद्धारा जानकारि गराईन्छ । अन्यथा सो म्यादभित्र बक्यौता रहेको सम्पुर्ण रकम संस्थालाई भुक्तान नगर्ने ऋणी सदस्यहरुको ऋण असुल गर्न आवश्यक कानुनी प्रक्रियाका लागि सहकारी ऐन २०७४, राष्ट्रिय सहकारी नियमन प्राधिकरणको निर्देशन र संस्थाको ऋण लगानी कार्यविधिको अधिनमा रहि कर्जाधनी, र जमानीकर्ताले ऋण लिदाको बखत गरेका तमसुक तथा लिखित कागजातहरुका आधारमा ऋणि र जमानी दिने व्याक्तीको फोटो र तिन पुस्ते नामावली सहित उल्लेख गरी सामाजिक संञ्जाल, तथा स्थानिय पत्र पत्रिकामा सुचना प्रकाशन गरिने र आवश्यक कानुनी प्रक्रियाबाट धितो, जायजेथा लिलाम बिक्री गरि असुलउपर गरिने छ । साथै जमानीमा रहेको धितो लिलाम विक्रीबाट पनि यस संस्थाको लेना रकम असुल उपर नभएमा सम्बन्धित ऋणी तथा जमानीकर्ताको अन्य चल अचल जायजेथा तथा सम्पतिबाट समेत असुल उपर गरि लिने र ऋणी र जमानी सदस्यलाई कानुन बमोजिम कर्जा सुचना केन्द्रको कालो सुचिमा नाम समावेश गरिने व्यहोरा समेत सम्बन्धित सबैलाई यो सार्वजनिक सुचनामार्फत जानकारी गराईन्छ। संस्थाको यस कार्यबाट ऋणी सदस्यहरुको सामाजिक मानमर्दन, पद, व्यवसायिक कार्य र व्यक्तिगत छविमा आंच आउने र हानी नोक्सानी हुने भएमा संस्था जवाफदेही नहुने व्यहोरा यसै सार्वजनिक सूचनामार्फत जानकारी गराईन्छ ।

संस्थाको हित तथा सदस्यहरुको वितिय अनुशासन कायम राख्न सम्बन्धित सबैमा सहयोगको अपेक्षा राख्दछु ।

कर्जा विभाग
**साझा बचत तथा ऋण सहकारी संस्था लि.**
वीरेन्दनगर-०९, सुर्खेत
फोन नं ०८३-५२५३८८

# एक सय ९३ फार्म तथा व्यवसायको अनुगमन

**युग संवाददाता**
**कैलाली, ८ जेठ ।**

कैलालीको टीकापुर नगरपालिकाले एक सातामा १९३ फार्म तथा व्यवसायको अनुगमन गरेको छ। बजार व्यवस्थापन तथा उपभोक्ता हितका लागि गरिएको बजार अनुगमनका क्रममा मापदण्डविपरीतका ६५ किलो प्लाष्टिकजन्य झोला जफत गरिएको हो।

पालिकाले गत वर्षको साउनदेखि टीकापुरमा प्लाष्टिकजन्य झोला प्रयोगमा निधेष गरेको छ। लुकीछिपी मापदण्डविपरीतका प्लाष्टिकका झोला प्रयोग गरिरहेकामाथि निगरानी गरी प्रयोग रोक्ने उद्देश्यले जफत गरिएको नगर कार्यालयले जनाएको छ। अनुगमनका क्रममा म्याद नाघेका रु १८ हजार ९३९ बराबरका दैनिक उपभोग्य सामान जफत गरेको छ।

अनुगमनका क्रममा ११७ किराना तथा अन्य व्यवसाय, ५२ वटा प्लाष्टिक व्यापारी, २४ वटा मेडिकल तथा फार्मेसीमा अनुगमन गरिएको अनुगमन टोलीका सदस्य सचिव एवं आर्थिक विकास शाखा प्रमुख रञ्जु आचार्यले बताए।

टीकापुर नगरपालिकाका प्रमुख प्रशासकिय अधिकृत सुमन धितालले अनुगमन गरी केही व्यवसायीलाई मापदण्ड पूरा गर्न निर्देशन दिइएको, केही व्यवसायीलाई अन्तिम पटक चेतावनी दिइएको बताए। "व्यवसाय दर्ता नभएकालाई नवीकरण गर्न समय दिइएको, नवीकरण नभएकालाई तत्काल प्रक्रियामा लगेका छौं", उनले भने, "प्लाष्टिकका झोला लाखौं रकमका भेटिएका छन्। थोक बिक्रेताका गोदाममा रहेका प्लाष्टिकका झोला शिल गरेर अबदेखि बिक्री नगर्न निर्देशन दिइएको छ।"

पालिकाले उपभोक्ता सचेतनाका कार्य निरन्तर गरिरहेको बताउँदै धितालले हरेक उपभोक्ता म्याद नाघेको मितिमात्र हेर्न सक्ने भएमा उपभोक्ता अधिकार सुरक्षित हुने बताए। उपभोक्ता हित संरक्षण मञ्च टीकापुरका अध्यक्ष एकिन्द्र तिमिल्सिनाले टीकापुरमा अटोरिक्साको भाडादर कायम गर्न, बजारमा ठूलो स्वरमा बजाइने डिजे र लाउड स्पिकरबाट हुने ध्वनि प्रदूषण व्यवस्थापन गर्न, सहरी सडक प्रयोगमा गाह्रो भएकाले ट्राफिक सचेतनामा समन्वय गर्न, प्लाष्टिकको प्रयोग रोक्न नियमित रूपमा अनुगमन गर्न अनुरोध गरे।

टीकापुर अस्पतालका फार्मेसी इञ्चार्ज जनक शाहले मेडिकल व्यवसायी वा फार्मेसी सञ्चालकलाई फोहर व्यवस्थापनमा समस्या रहेकाले, अस्पतालमा रहेको फोहर व्यवस्थापन केन्द्रसँग समन्वय गरी सहजीकरण गर्न अनुरोध गरे।

टीकापुर नगरपालिका स्वास्थ्य शाखा प्रमुख बलबहादुर रावलले अनुगमनपछि औषधी पसलका सञ्चालक पसल दर्ताका लागि आउन थालेका, २२ मेडिकललाई दर्ताका लागि म्याद दिइएको, आमाको दूध प्रतिस्थापन ऐनको जानकारीपछि व्यवस्थित भएको बताए। "हामीले अनुगमनका स्तनपानलाई प्राथमिकता दिनुपर्छ भनी आमाको दूधलाई प्रतिस्थापन गर्ने वस्तु बिक्री वितरणमा नियमित गरेपछि दूधदानी, पाउडर दूधलगायतका सामग्री मनपरि नबेच्न भनेका छौं", उनले भने, "अहिले व्यापारी सचेत हुनुभएको छ। डाक्टरको सिफारिस भए मात्र बेच्न थाल्नुभएको छ।"

वडा नं १ का वडाध्यक्ष मोहन विकले बजार वडामा करिब तीन हजार व्यवसाय दर्ता रहेकामा, अनुगमनपछि दैनिक पाँच जनासम्म व्यवसाय दर्ता बढेको बताए। "प्लाष्टिकमुक्त अभियानमा टोल विकास संस्थालाई तालिम दिएका छौं", उनले भने, "बजारमा मालबहाक टिपरको गति बढेकाले यसलाई कम गर्नुपर्नेछ। बालबालिका विद्यालय जाने र घर फर्कने समयमा मालबहाक सवारीसाधन सञ्चालनमा रोक लगाउनुपर्छ। यसले दुर्घटना निम्त्याएको छ।"

## सेवाग्राहीमैत्री सेवा, सुशासनको आधार

- सेवाग्राहीसँग नम्र, शिष्ट र सम्मानजनक व्यवहार गरौं,
- सेवा प्रक्रियालाई सरल, छिटो र पारदर्शी बनाऔं,
- अनावश्यक ढिलाइ र झन्झटबाट मुक्त सेवा प्रवाह गरौं,
- सूचनाको हक सुनिश्चित गरौं,
- भ्रष्टाचार र अनियमितता पूर्ण रूपमा निषेध गरौं,
- गुनासो व्यवस्थापन प्रणालीलाई प्रभावकारी बनाऔं,
- प्रविधिमैत्री सेवा विस्तार गरौं,
- जवाफदेही र परिणाममुखी कार्यशैली विकास गरौं।

नेपाल सरकार
**विज्ञापन बोर्ड**

## ९० दिनमै अंग्रेजी भाषा बोल्न र लेख्न ग्यारेन्टीका साथै कम्प्यूटर

**हाम्रा विशेषताहरू**

- अंग्रेजी भाषा सिकेपछि अंग्रेजी विषयमा 99% मद्दत गर्ने, कक्षा ६ देखि डिग्री (Degree) सम्मको अंग्रेजी ट्युशन लिन नपर्ने साथै Grammar मा पूर्णरुपमा सहयोग गर्ने र सम्पूर्ण Free Writing मा सहयोग गर्ने ।
- विद्यार्थीको क्षमताको आधारमा कक्षा सञ्चालन हुने, पहिलो दिन मात्र नेपाली बोल्न पाइने दोस्रो दिनबाट अंग्रेजी बोल्न सिकाइने र साधारण बोल्न र लेख्न ८ दिनमै सकिने ।
- प्रत्येक दिन २ जनाको बीचमा १ घण्टा लेख्ने र १ घण्टा बोल्ने व्यवस्था गरिने ।
- हप्तामा १ पटक परिक्षा हुने र 90 दिनसम्म विद्यार्थी असफल भएमा नि:शुल्क सिकाइने ।
- Audio and Video class and Projector को व्यबस्था भएको साथै विदेशीसँग कुराकानीको व्यबस्था मिलाइने ।
- Basic, Advance and Diploma पास भइसकेपछि Boarding School, INGO, NGO र अन्य अफिस मा जागिर पाउन सजिलो ।
- अंग्रेजी भाषा सिकेपछि मेजर अंग्रेजी (Major English) र विज्ञान विषयलाइ सहयोग गर्ने ।
- अंग्रेजी भाषा सिकाउने शिक्षक २०६१ सालबाट पढाएको अनुभव प्राप्त साथै आफ्नै किताबबाट सिकाइने र सी.सी. क्यामराबाट निगरानी गरिने ।
- साथै कम्प्यूटरका सबै कक्षाहरु बत्ती नभएको बेला पनि सञ्चालन भइरहेका छन ।

**इन्टरनेशनल इंग्लिश लैंग्विज एण्ड कम्प्यूटर इन्ष्टिच्यूट**

लक्ष्मीहल अगाडि वीरेन्द्रनगर-६, सुर्खेत । मो: नं ९८४८०७६८५६ (डी.बी. राना)

पश्चिम नेपालकै सबै भन्दा ठूलो २८x४० साईजको मेसिनबाट छपाई

**RARA Printing Pvt.Ltd.**
**रारा प्रिन्टीङ्ग प्रा.लि.**

Kohalpur-11, NTV Road, Banke (कोहलपुर न.पा.-११, NTV रोड, बाँके)




हाम्रो यहाँ छपाई सम्बन्धी सम्पूर्ण काम गरिन्छ ।
सम्पर्क नं.
९८५८०६०६१५/९८५१४००४२३/९८५१३२९१३९

**युगआव्हान दैनिक**का लागि **प्रकाशक/सम्पादक**: दीपककुमार बुढा क्षेत्री, **कार्यकारी सम्पादक**: ओम बहादुर शाही, **प्रधान कार्यालय**: वीरेन्द्रनगर, सुर्खेत, **कर्पोरेट**: कोहलपुर न.पा.-११, एन.टि.भि. रोड, नेपालगञ्ज, बाँके
**शाखा कार्यालय**: सम्भूमार्ग एयरपोट, काठमाण्डौं, लमही-देउखोरी, दाङ, अतरिया-धनगढी, कैलाली **फोन**: ०८३-५२१६२७/९८५८०५२८१०, ९८५८०५५६२७,९८५८०५५६२८ **मुद्रण**: रारा प्रिन्टीङ्ग प्रा.लि., कोहलपुर, भवानी छापाखाना, सुर्खेत।